Volume 1

Annex 5.a: Copy of Mid-Western University Autonomy By-laws 2019 (2075).

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

स्वायत्तता सम्बन्धी नियमावली, २०७५

(च) "क्याम्पस" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस सम्झनु पर्छ। क

(छ) "निकाय" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयका निकाय वा कार्यालय सम्झनु पर्छ।

"सम्बन्धन प्राप्त क्याम्पस । कलेज" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस । कलेज सम्झनु पर्छ।

(ज) "सञ्चालक परिषद" भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली, २०७५ को नियम ६ वमोजिम गठित स्वायत्तता प्राप्त क्याम्पस वा निकायको संचालक परिषद सम्झनु पर्छ।

(झ) "व्यवस्थापन परिषद" भन्नाले नियम ९ वमोजिम गठित व्यवस्थापन परिषद सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक समिति" भन्नाले नियम १२ वमोजिम गठित स्वयत्तता प्राप्त क्याम्पस वा निकाय वा सम्बन्धन प्राप्त क्याम्पसको प्राज्ञिक समिति सम्झनु पर्छ।

(ट) "आर्थिक समिति" भन्नाले नियम १४ वमोजिम गठित आर्थिक समिति सम्झनु पर्छ।

(ठ) "परीक्षा सञ्चालक समिति" भन्नाले नियम २० वमोजिम गठित परीक्षा सञ्चालक समिति सम्झनु पर्छ।

(ड) "पदपूर्ति समिति" भन्नाले नियम २२ वमोजिम गठित समिति सम्झनु पर्छ।

(ढ) "स्वायत्तता" भन्नाले क्याम्पस वा निकायलाई यस नियमावली अनुसार प्राज्ञिक, प्रशासनिक, व्यवस्थापकीय र आर्थिक स्वायत्तता प्रदान गरिए वमोजिमको अधिकार प्रयोग गर्ने भन्ने सम्झनु पर्छ। साथै

"स्वायत्तता" भन्नाले सम्बन्धन प्राप्त क्याम्पसलाई यस नियमावली अनुसार प्राज्ञिक स्वायत्तता प्रदान गरिए वमोजिमको अधिकार प्रयोग गर्ने भन्ने सम्झनु पर्छ,

(ण) "अध्यक्ष" भन्नाले सञ्चालक परिषदको अध्यक्ष सम्झनु पर्छ।

(त) "डीन " भन्नाले विश्वविद्यालयको सम्बन्धित सङ्कायको डीन सम्झनुपर्छ

(थ) "प्रमुख" भन्नाले विश्वविद्यालयको स्वायत्तता प्राप्त क्याम्पस वा निकायको प्रमुख सम्झनु पर्छ।



(द) "विनियम" भन्नाले यस नियमको उद्देश्य पूर्ति गर्न यसै नियमको परिधि भित्र रही सञ्चालक परिषद वा सम्बन्धन प्राप्त क्याम्पसको सञ्चालक समितिले जारी गरी लागू गरेको विनियम सम्झनु पर्छ।

(ध) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस नियमावली, विनियम, कार्यविधि, निर्देशिका, कार्य व्यवस्थापन प्रणाली र ऐन नियमको अधिनमा रही अधिकार प्राप्त अख्तियारवालाले तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ।

(२) ऐनमा प्रयुक्त शब्द र वाक्यांश यस नियमावलीमा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरुको व्याख्या ऐन कै अनुरुप गरिने छ।

## परिच्छेद- २
### क्याम्पस वा निकायको लागि स्वायत्तता सम्बन्धी व्यवस्था

**३. स्वायत्तता प्रदान गर्न सकिने:-**

(१) विश्वविद्यालयबाट प्रदान गरिने शिक्षालाई उच्च गुणस्तरयुक्त बनाई राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र क्षमतावान जनशक्ति उत्पादन गर्ने उद्देश्यले समय र वजारको माग अनुरुप अनुसन्धानमा आधारित पाठ्यक्रम तयार गरी औचित्य र आवश्यकता हेरी शैक्षिक कार्यक्रम संचालन गर्न विश्वविद्यालय अन्तर्गतका क्याम्पस वा निकायलाई संरचनागत स्वायत्तता, कार्यगत स्वयत्तता तथा प्राज्ञिक स्वायत्तता प्रदान गर्न सकिने छ।

(२) विश्वविद्यालयको कुनै क्याम्पस वा निकायले नियममा तोकिए वमोजिमको विधि र प्रक्रिया पूरा गरी स्वायत्तता पाउन विश्वविद्यालय समक्ष आवेदन दिएमा उक्त आवेदनको मूल्यांकन गरी उपयुक्त देखिएमा विश्वविद्यालय कार्यकारी परिषदले उक्त क्याम्पस वा निकायलाई स्वायत्तता प्रदान गर्न सक्नेछ।

**४. स्वायत्तता प्राप्त क्याम्पस वा निकायको काम कर्तव्य अधिकार:-** स्वायत्तता प्राप्त क्याम्पस वा निकायको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ:-

(१) सञ्चालित शैक्षिक कार्यक्रमको पाठ्यक्रम परिमार्जन गर्ने,

(२) नयां शैक्षिक कार्यक्रमको पाठ्यक्रम निर्धारण गर्ने र निर्धारित पाठ्यक्रम अनुसार सो शैक्षिक कार्यक्रम संचालन गर्ने,

(३) भर्ना सम्बन्धी नियम वनाई लागू गर्ने,

(४) विद्यार्थीको मूल्यांकन एवं परीक्षा प्रणालीको संचालन एवं विकास गर्ने,